गण्डकी गाउँपालिका

स्थानीय राजपत्र

खण्डः९ संख्याः ७ मितिः२०८२/११/२९


भाग-२

# गण्डकी गाउँपालिका

## उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यविधि २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः२०८२/११/२९

**प्रस्तावनाः** कृषकहरुलाई उनीहरुले उत्पादन गरेको कृषि वा पशुजन्य उत्पादनमा उत्पादनको आधारमा आर्थिक सहयोग गर्दै कृषि पेशामा आकर्षण बढाउने उद्देश्यले संस्थागत रुपमा कृषि उपज बेचबिखन गर्ने कृषक तथा व्यावसायीलाई संगठित बजारमा गुणस्तरीय खसी/ बोका/ तरकारी/ फलफुल/ अन्न/ नगदेबाली आदिको बिक्रिको आधारमा अनुदान उपलब्ध गराउने उद्देश्यले गण्डकी गाउँपालिकाले "उत्पादनमा आधारित अनुदान कार्यक्रम, २०८२ स्वीकृत गरि लागु गरेको छ।

### परिच्छेद - १

**१. संक्षिप्त नाम, प्रारम्भ र परिभाषाः** १) यो कार्यविधिको नाम **उत्पादनमा आधारित अनुदान कार्यक्रम** २०८२ रहेको छ।

२) यो कार्यविधि कार्यपालिकाबाट स्विकृत भएको मिति देखि लागु हुनेछ।

३) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) गाउँपालिका भन्नाले गण्डकी गाउँपालिकालाई सम्झनु पर्दछ।

ख) कार्यपालिका भन्नाले गण्डकी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

ग) कृषि सहकारी भन्नाले नियमानुसार दर्ता भएका कृषि सहकारीलाई बुझ्नु पर्दछ।

घ) कृषि शाखा भन्नाले यस गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्दछ।

ङ) प्रोत्साहन अनुदान भन्नाले गण्डकी गाउँपालिकामा एक बर्षमा एक जना कृषकले तोकिएको परिमाणमा तोकिएको कृषि उपजको उत्पादन गरि कृषि सहकारी मार्फत बिक्री वितरण गरेबापत प्राप्त गर्ने अनुदानलाई सम्झनु पर्दछ।

च) संकलन केन्द्र भन्नाले गण्डकी गाउँपालिका बासी कृषकले गरेको कृषि तथा पशुजन्य उत्पादन खरिद गर्ने गाउँपालिकामा दर्ता भएका सहकारी संस्था तथा संकलन केन्द्रलाई सम्झनु पर्दछ।

छ) तरकारी भन्नाले फुलगोभी, बन्दागोभी, केराउ, बोडी, सिमी, साग, गोलभेँडा, आलु, लौका, चिचिन्डा, घिरौंला, भण्टा, फर्सी, काँक्रा, पिँडालु, स्कुस लगायतका तरकारीको रुपमा प्रयोग हुने वस्तुलाई जनाउँछ।

ज) फलफुल भन्नाले गण्डकी गाउँपालिकामा उत्पादन हुने सुन्तलालाई बुझाउँछ ।

झ) अन्नबाली भन्नाले धान,गहुँ, मकैं, कोदो, फापर र जौ लाई बुझाउँछ ।

ञ) नगदेबाली भन्नाले चिया, कफी लगायतका नगदेबालीको रुपमा प्रयोग हुने वस्तुलाई जनाउँछ।

ट) मसलाजन्य वस्तु भन्नाले लसुन, प्याज, धनियाँ, खुर्सानी, अदुवा, बेसार लगायत मसलाको रुपमा प्रयोग हुने वस्तुलाई जनाउँदछ।

ठ) पशु भन्नाले गाई, गोरु, साँडे बाहेक भाले जातको खसी तुल्याईएको वा नतुल्याईएको बोका, भेडा, च्याङ्ग्रा, सुंगुर, वदेल, राँगा, खरायो, वा मासुको लागि योग्य देखिएको भैसी, वाखा, पोथी जातको भेडा, च्याङग्रा, सुगुर, वंगुर, वँदेल वा खरायो सम्झनु पर्छ र सो शब्दले भाले वा पोथी जातको कुखुरा, हाँस, परेवा वा मासुको प्रयोजनको लागि पालिएका अन्य पशुपंन्छी समेत सम्झनु पर्छ ।

ड) मासु भन्नाले मानिसले खान योग्य पशुको मासु सम्झनु पर्छ ।

## परिच्छेद- २

१. **कार्यक्रमको उद्देश्य :** यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

- अनुदान वितरण नीतिलाई प्रकृयामुखी बाट परिणाममुखी तर्फ लैजाने
- तरकारी/पशु उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यावसायिक बनाउन प्रोत्साहन गर्ने
- अनुदानको सही, दक्ष, र प्रभावकारी रुपमा वितरण उपयोग र सदुपयोग गर्ने
- तरकारी/पशु उत्पादनलाई संगठित बजारमा प्रवाह गर्ने
- गाउँपालिकाको प्रतिबद्वता अनुरुप कृषि उत्पादन पशु जन्य उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाउने लक्ष्य पुरा गर्न सहयोग गर्ने
- तरकारी/पशुजन्य उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने ।

## परिच्छेद-३

१. **कार्यक्रम सञ्चालन प्रक्रिया :**

**क) अनुदानको क्षेत्र**

- गाउँपालिका भित्र व्यावसायिक तरकारी, फलफुल, कोदो,कफि तथा मसलाबाली लगाउने र पशुपालन गर्ने संस्था, समूह, फर्म, कम्पनी र सहकारीहरु अनुदान पाउन योग्य हुनेछन् ।
- अनुदान रकम निर्धारण सम्बन्धी व्यवस्था :

  i. अनुदान रकम कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

  ii. अनुदानको रकम अनुदान प्राप्त गर्ने संस्था, समूह, फर्म, कम्पनी वा सहकारीको बैंक खातामा जम्मा गरिन्छ।

क) <u>अनुदान उपलब्ध गराउने विधि</u>

- कृषकहरुले अनुदान प्राप्त गर्नको लागि तोकिएको सहकारी वा समूह वा संकलन केन्द्र मार्फत बिक्री वितरण गरेको हुनु पर्नेछ।
- सहकारी/समूह/ संकलन केन्द्रले कृषि जन्य वस्तु खरिद गरेको र बिक्री गरेको अभिलेख स्पष्ट सँग सम्बन्धित सहकारीले राखेको हुनुपर्नेछ।
- सहकारी/समूह/संकलन केन्द्रले राखेको अभिलेखको आधारमा बिक्री परिमाण र रकम भुक्तानीको लागी सहकारी/समूह/संकलन केन्द्रले वडा स्तरीय कृषि/पशु प्राविधिक तथा वडा समितिको अनुगमन प्रतिवेदन सहित गाउँपालिकाको कृषि विकास शाखामा पठाउनु पर्नेछ।
- सहकारी/समूह/ संकलन केन्द्र र वडा स्तरीय अनुगमनको आधारमा आर्थिक विकास शाखाले आवश्यक अनुगमन गरि गाउँपालिकाबाट कृषि उत्पादनको बिक्री तथा उत्पादनमा आधारीत अनुदान उपलब्ध गराउनु पर्नेछ।
- गाउँपालिकाले समय समयमा सहकारी/समूह/ संकलन केन्द्र तथा कृषकको अनुगमन र निरिक्षण गर्नेछ र झुट्टा विवरण राख्ने र पेश गर्ने सहकारी/समूह/ संकलन केन्द्रको दर्ता खारेजी गरि त्यस्ता सहकारी/समूह/ संकलन केन्द्रको अभिलेखको आधारमा अनुदान वितरण गरिने छैन।
- अनुदान उपलब्ध गराउँदा सहकारी/समूह/ संकलन केन्द्रले पेश गरेको अभिलेखको आधारमा गाउँपालिकाले सहकारीको खातामा अनुदान रकम भुक्तानी गर्नेछ।
- यो कार्यविधि स्विकृत भएपश्चात सहकारी/समूह/संकलन केन्द्र मार्फत बिक्री वितरण गरि अभिलेखीकरण गरिएका कृषकहरुलाई मात्र अनुदान रकम उपलब्ध गराईनेछ।
- कृषिजन्य उत्पादन बिक्री वितरणमा संलग्न हुन चाहने सहकारी/समूह/संकलन केन्द्रले आफ्नो प्रमाणपत्र र वडाको सिफारिस सहित गाउँपालिकाको कृषि विकास शाखामा निवेदन पेश गरे पश्चात गाउँपालिकाबाट अनुमती दिइनेछ। यसरी अनुमती प्राप्त गरि सकेपश्चात सहकारी/समूह/ संकलन केन्द्रले बिक्री वितरणको अभिलेख राख्न सुरु गर्नु पर्नेछ।

**ग)अनुदान वितरणको लागि सहकारी/संकलन केन्द्र छनौट गरी गाउँपालिका र सहकारीबिच सम्झौता तथा व्यावसायीक कृषकहरुको सुचिकरण:**

- यस कार्यक्रमको सुरुवातमा पालिकाद्वारा सुचना प्रकाशन भएपश्चात प्रत्येक वडामा कृषि सहकारी वा संकलन केन्द्रलाई वडा स्तरीय सहकारी वा संकलन केन्द्रको रुपमा निर्धारण गर्नेछ।
- कृषकले उत्पादनमा आधारित अनुदान प्राप्त गर्नको लागि गाउँपालिकाद्वारा निर्धारित सम्बन्धित वडाको कृषि सहकारी संस्था वा संकलन केन्द्रमा अनुसुची २ बमोजिमको निवेदन पेश गरी सम्बन्धित सहकारीमा सूचिकृत हुनुपर्नेछ र सो कृषि सहकारी वा संकलन केन्द्रबाट कृषि उपजको कारोबार गर्नुपर्नेछ।

- सान्दर्भिकता र आवश्यकताको आधारमा तोकिएको संकलन केन्द्रलाई थप वा भइरहेको संकलन केन्द्रलाई खारेज गर्ने अधिकार गण्डकी गाउँपालिकाको कार्यालयलाई हुनेछ।
- यस कार्यक्रम सञ्चालन गर्ने क्रममा सहकारीले बिक्री अभिलेख सहित आवश्यक कागजात कृषि शाखा गण्डकी गाउँपालिकामा बुझाएपश्चात प्रति के.जी. रु १० पैसा सम्बन्धित सहकारीलाई गाउँपालिकाद्वारा उपलब्ध गराउनुपर्नेछ।

**घ) कृषि अनुदान तथा आर्थिक सहायता :**

- प्रत्येक वडाको लागि पालिकाद्वारा निर्धारित सहकारी संस्था वा संकलन केन्द्रले अनुसुची-३ बमोजिमको ढाँचामा सूचिकृत भएका कृषकहरुको मासिक बिक्री अभिलेख गाउँपालिकामा पेश गर्नुपर्नेछ।
- अनुदान प्रवाह सहज, पारदर्शी, मर्यादित र नियमित गराउनका निम्ति कृषक सहकारी संस्था वा संकलन केन्द्रको देहाय बमोजिमको भुमिका हुनेछ।

i. **कृषकको भूमिका:**

- कृषि उत्पादन र बिक्रीको दैनिक लेखाजोखा कृषक स्वयंले समेत राख्नुपर्दछ।
- उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन र अनुदान रकम प्राप्त गर्नका निम्ति कृषकले आफ्नो उत्पादनको बिक्री अभिलेखीकरण सम्बन्धित वडाको लागि गाउँपालिकाद्वारा तोकिएको संकलन केन्द्रमा दर्ता गराउनु पर्दछ। आफ्नो विवरण दर्ता गराउँदा तपशिल बमोजिमको कागजातहरु सम्बन्धित सहकारी वा संकलन केन्द्रमा पेश गर्नुपर्नेछ।

**तपशिल :**

- अनुसुची-१ अनुसारको सूचना गण्डकी गाउँपालिका कृषि विकास शाखाबाट प्रकाशन भएपश्चात अनुसुची-२ बमोजिमको विवरण सहितको निवेदन सम्बन्धित सहकारी/संकलन केन्द्रमा बुझाउनुपर्नेछ।
- जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा ५ वर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपी
- नागरिकताको प्रतिलिपी

**भुक्तानी लिनको लागी बुझाउनु पर्ने अन्य कागजात:**

- भुक्तानी लिनको लागि कृषकको निवेदन

ii. **सहकारीको भूमिका:**

- कृषकहरुद्वारा संकलित उत्पादनको अभिलेखिकरण व्यवस्थित र पारदर्शीपूर्वक राख्नुपर्नेछ।
- उत्पादनमा आधारित अनुदान भुक्तानीको लागि सम्बन्धित संकलन केन्द्र वा सहकारीले तपशिल अनुसारको कागजातहरु गाउँपालिकामा पेश गर्नेछ।

**तपशिल:**

- निवेदन
- अनुसुची-४ बमोजिमको ढाँचामा तरकारी/सुन्तला/कोदो/कफि बालीहरुको बिक्री अभिलेख
- वडा कार्यालयको सिफारीस
- वडा स्तरिय कृषि/पशु प्राविधिक तथा वडा समितिको कार्य सम्पन्न प्रतिवेदन

**घ)खर्चको स्रोत:**

यस कार्यविधिमा तोकिए बमोजिमका कार्यक्रम सञ्चालन तथा अनुदान प्रदान गर्न देहायका स्रोतबाट प्राप्त रकम प्रयोग गरिनेछ:

- गाउँपालिकाबाट प्राप्त रकम

**च)उपलब्ध गराउने अनुदान रकम:**

- ➢ कृषकहरुलाई बिक्रीको आधारमा सहकारी/समूह/ संकलन केन्द्रहरुको अभिलेख सहित सिफारिसको आधारमा देहाय बमोजिमको रकम उपलब्ध गराईनेछ।
- कृषि जन्य वस्तु: तरकारी प्रति के.जी. रु.२/-
- कृषि जन्य वस्तु: सुन्तला प्रति के.जी. रु. ४/-
- कृषि जन्य वस्तु: कोदो प्रति के.जी. रु. ५/-
- कृषि जन्य वस्तु: पार्चमेन्ट कफि प्रति के.जी.रु./-१५

- पशु जन्य वस्तु: खसि/बोका प्रति के.जी. रु. १०/-
  राँगा/भैसी/बंगुर/सुँगुर प्रति के.जी. रु. १०/-
  अण्डा प्रती केजी रु. ५/-
- ➢ कृषकले उत्पादनको आधारमा कृषकले पेश गरेको निवेदन तथा वडा कार्यालयको सिफारिसको आधारमा आर्थिक विकास शाखाबाट अनुगमन गरी रकम उपलब्ध गराईनेछ।
- ➢ सहकारीले प्राप्त गर्ने सेवा शुल्क बापतको रकम प्रति के.जी.रु १० पैसाका दरले गाउँपालिकाबाट सम्बन्धित सहकारीलाई उपलब्ध गराईनेछ ।

**ङ) उत्पादनमा आधारित अनुदान कार्यक्रममा समेटिने कृषि तथा पशु उत्पादनहरु:**

| क्र.सं. | कृषि तथा पशु उत्पादनको नाम |
|---|---|
| १ | उत्पादित तरकारी |
| २ | उत्पादित सुन्तला |
| ३ | उत्पादित कोदो |

| | |
|---|---|
| ४ | उत्पादित कफि |
| ५ | |

| क्र.सं. | कृषि तथा पशु उत्पादनको नाम |
|---|---|
| १ | खसि, बोका,राँगो,भैंसी सुङ्गुर बंगुरको मासु |
| २ | अण्डा |
| ३ | |
| ४ | |
| ५ | |

## परिच्छेद-४

**१. लेखा र लेखापरिक्षणः**

क) अनुदान रकमको लेखा प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ।

ख) अनुदान रकमको आन्तरिक र अन्तिम लेखापरिक्षण सरकारी कानुन बमोजिम हुनेछ।

## परिच्छेद-५

२. विविधः **१) थपघट तथा हेरफेरः** यो कार्यविधि आवश्यकता अनुसार कार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**२) बाधा अड्काउ, फुकाउः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा कार्यपालिकाले बाधा अड्काउ, फुकाउका लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**३) खारेजी र बचाऊः** (१) यो कार्यविधि लागु भएपछी यस पुर्व उत्पादनमा आधारित अनुदान कार्यक्रम २०८० र सोसँग सम्बन्धी देहाय बमोजिमका कार्यविधि तथा कार्यपालिकाका निर्णयहरु स्वत: खारेज भएको मानिनेछ।

क) उत्पादनमा आधारित अनुदान कार्यक्रम (पहिलो संशोधन) कार्यविधि, २०८१

ख) उत्पादनमा आधारित अनुदान कार्यक्रम (दोस्रो संशोधन) कार्यविधि, २०८२

ग) उत्पादनमा आधारित अनुदान कार्यक्रम २०८० यस कार्यविधिले समेटेका कार्यपालिकाका निर्णयहरु

(२) उपदफा (१) बमोजिमका कार्यविधि, आदेश वा निर्णय बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

## अनुसुची १:

## कृषि विकास शाखा, गण्डकी गाउँपालिकाको उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वान सम्बन्धी सुचना

यस गण्डकी गाउँपालिकाको आ.व. २०८...../...... को वार्षिक स्विकृत कार्यक्रम अनुसार कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रममा अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा गण्डकी गाउँपालिका भित्रका कृषक, निजि फर्म, कृषक समूह तथा कृषि सहकारी बाट आह्वानको लागि यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र कृषि शाखा वा वडा कार्यालयमा तपशिल बमोजिमका कागजात संलग्न गरि आवेदन पेश गर्नुहुन अनुरोध छ साथै रित नपुगेका र म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ। प्रस्ताव पत्र र संक्षिप्त व्यावसायीक कार्ययोजनाको ढाँचा सम्बन्धित सहकारीबाट प्राप्त गर्न सकिनेछ।

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:

- व्यक्तिगत निवेदन र कृषि गरेको विवरण
- अनुदान कार्यक्रम सञ्चालन गर्ने स्थान वा उत्पादित कृषि सामग्रीको फोटो ३ प्रति
- आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र संस्थाको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र
- वडा कार्यालयको सिफारिस
- जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा लिएको खण्डमा जग्गा धनीसँग गरेको सम्झौताको प्रतिलिपि
- समूह र सहकारीको हकमा कार्यसमिति बैठकले कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि

# <u>अनुसुची -२:</u>

श्री.........................................

...................................................सहकारी,

गण्डकी गाउँपालिका वडा नं............,

गोरखा।

| मुख्य तरकारीबाली | तरकारी खेती गरेको जमिनको क्षेत्रफल (रोपनी) | वार्षिक उत्पादन परिमाण (के.जी./ क्विन्टल) | वार्षिक बिक्री परिमाण (के.जी./ क्विन्टल) | मुख्य पशु उत्पादन | वार्षिक उत्पादन परिमाण (के.जी.) | वार्षिक बिक्री परिमाण (के.जी.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

व्यवस्थापकको हस्ताक्षर: सहकारी अध्यक्षको हस्ताक्षर: वडा अध्यक्षको हस्ताक्षर:

**<u>अनुसुची-३</u>**

विषय : सूचीकृत हुन पाउँ भन्ने बारे।

प्रस्तुत विषयमा ......................................... सहकारी संस्थाद्वारा कृषक सूचिकरणको लागि प्रकाशित सूचना बमोजिम म.......................... गण्डकी गाउँपालिका गा.पा.वडा नं..........., टोल..............................निवासी कृषि उपजको उत्पादन गर्दै आएकोमा यस सहकारी संस्था मार्फत कृषक सूचिकृत हुन पाउँ भनी तपशिलको ढाँचामा तरकारी उत्पादन सम्बन्धी विस्तृत विवरण सहित निवेदन पेश गर्दछु।

निवेदकको नाम:

हस्ताक्षर:

सम्पर्क नं:

<u>अनुसुची ४</u>

<u>कृषि/पशु उपज बिक्री कारोबार अभिलेखको ढाँचा</u>

सहकारीको नाम : ..................................

वडा नं.....................................................

मितिः.......................साल.................महिना.....गते

| क्र. सं. | मिति | कृषकको नाम | ठेगाना | उत्पादित कृषि /पशु उपज | उत्पादित कृषि/ पशु उपज परिमाण (Kg) | बिक्रेताको नाम/संस्था | गाउँपालिकाबाट प्राप्त गर्ने अनुदान (प्रति के.जी. ) | सहकारीले प्राप्त गर्ने सेवा शुल्क बापतको रकम (प्रति के.जी. बाट रु.१० पैसा) | कृषकले खुद बुझिलिने रकम | सहकारी बाट कृषि /पशु उपज बुझिलिनेको हस्ताक्षर | कृषकको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**व्यवस्थापकको हस्ताक्षरः** **सहकारी अध्यक्षको हस्ताक्षरः** **वडा अध्यक्षको हस्ताक्षरः**

## अनुसूची -५

**उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्नका निम्ति सहजिकरण गर्ने ......................**
**सहकारी संस्था लि. र गण्डकी गाउँपालिका बिच भएको सम्झौता पत्र**

गण्डकी गाउँपालिका भित्रका निर्वाहमुखी कृषकहरुलाई व्यवसायीकरण गर्न र व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गर्नका निम्ति गण्डकी गाउँपालिकाद्धारा उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।यस कार्यक्रम अन्तर्गत कृषकहरुको उत्पादनको बिक्री मूल्यमा प्रति के.जी.रु २ का दरले प्रोत्साहन स्वरुप गाउँपालिकाबाट कृषकहरुले रकम प्राप्त गर्नेछन् ।

उत्पादनमा आधारित अनुदान कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न गण्डकी गाउँपालिका (जसलाई यस पछि प्रथम पक्ष भनिएको छ) र श्री...................सहकारी संस्था लि. (जसलाई यस पछि दोस्रो पक्ष भनिएको छ) बिच तपसिल बमोजिमको सम्झौता शर्तहरु बमोजिम आ-आफ्नो भूमिका पूर्णरुपमा निर्वाह गर्दै कार्यक्रमको कार्यान्वयन प्रति जिम्मेवार, उत्तरदायी, जवाफदेही भइ सम्झौतामा भएको शर्तहरु पालना गर्न सहमत मञ्जुर भई आज मिति ......................गते गण्डकी गाउँपालिकामा बसी हामी दुवै पक्षले यो सम्झौता पत्रमा सहिछाप गरि लियौं दियौं ।

**श्री गण्डकी गाउँपालिका (पहिलो पक्ष)को लागि शर्तहरु**

- यस कार्यक्रम सञ्चालन गर्ने क्रममा सहकारीले बिक्री अभिलेख सहित आवश्यक कागजात कृषि शाखा गण्डकी गाउँपालिकामा बुझाएपश्चात तरकारीमा रु.२ , सुन्तलामा रु.४ र कोदोमा प्रति के.जी. रु ५ का दरले दोस्रो पक्षलाई रकम उपलब्ध गराइनेछ।
- भुक्तानी हुने अनुदान रकम बिक्री अभिलेख (अनुसुची-४ बमोजिम) र प्रतिवेदनका आधारमा दोस्रो पक्षको खातामा जम्मा गराइनेछ।
- यदि सहकारी संस्थाद्धारा राखिएको खरिद/बिक्री र मूल्यको अभिलेखिकरण गलत वा झुठा ठहरिएमा सो सहकारीलाई उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागि हुन नपाउने साथै नियमानुसार कारबाही गर्ने अधिकार पहिलो पक्षलाई हुनेछ ।
- तरकारी, सुन्तला ,कोदो तथा कफि बिक्रीमा सहजिकरण गरेबापत सम्बन्धित सहकारीलाई प्रशासनिक खर्च प्रयोजनार्थ प्रति के.जी.१० पैसा को दरले उपलब्ध गराइनेछ।
- प्रत्येक महिनाको बिक्री अभिलेख त्यसपछिको अर्को महिनाको ५ गतेभित्र कृषि विकास शाखामा प्राप्त भए पश्चात डाटा इन्ट्री, रुजु गरेर मात्र १५ दिन भित्रमा भुक्तानी गरिनेछ।

**श्री ............................................ सहकारी संस्था लि.(दोस्रो पक्ष)को लागि शर्तहरु**

- सहकारी संस्थाले सम्बन्धित वडाको कृषकहरुलाई कृषि उपज(तरकारी ,सुन्तला,कोदो र कफि) नियमित कारोबार गर्नको निम्ति आफ्नो संस्थामा कृषकको (अनुसुची- २ बमोजिम) सूचीकृत गर्नुपर्नेछ ।
- सम्बन्धित सहकारी संस्थाले सूचीकृत भएका कृषकहरुको कृषि उपज(तरकारी,सुन्तला,

कोदो र कफि) बिक्रीको कारोबार गाउँपालिकाबाट प्राप्त ढाँचा (अनुसुची-४ बमोजिम)मा अभिलेखिकरण गर्नुपर्नेछ।

- अनुदान रकम भुक्तानीको निम्ति कृषि उपज (तरकारी,सुन्तला,कोदो,र कफि) बिक्री कारोबारको प्रमाणित अभिलेख, भुक्तानीका लागि निवेदन,वडा कार्यालयको सिफारिस र वडा स्तरिय कृषि प्राविधिक तथा वडा समितिको अनुगमन सहित सहकारी संस्थाले हरेक महिना पहिलो पक्ष समक्ष पेश गर्नुपर्नेछ।
- यस कार्यक्रम सञ्चालन गर्ने क्रममा सहकारीको बिक्री अभिलेख साथै कृषकहरुलाई भुक्तानी गर्दा सहकारी अध्यक्ष ,कृषि/पशु प्राविधिक,वडा अध्यक्ष वा वडा समितिको रोहवरमा गर्नुपर्नेछ।
- प्रत्येक महिनाको बिक्री अभिलेख त्यसपछिको अर्को महिनाको ५ गतेभित्र बुझाउनु पर्नेछ ।तोकिएको समयमा सहकारीले बिक्री अभिलेख नबुझाएको खण्डमा उक्त महिनाको भुक्तानी हुने छैन र सहकारी स्वयम् जिम्मेवार हुनेछ र कृषकलाई जवाफदेही हुनेछ
- सम्बन्धित सहकारीको स्टलहरुमा मात्र बिक्रि वितरण गरिएको तरकारीको विल मान्ने हुनेछ।
- सोहि महिनाको बिल सोहि महिनामै पेस गर्नुपर्ने छ भुक्तानी पस्चात अघिल्लो महिनाको बिल अर्को महिना मान्ने हुने छैन।

| **प्रथम पक्षः** | **दोस्रो पक्षः** |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः |

आज्ञाले

तुलसी राम आचार्य

प्रमुख प्रशासकीय अधिकृत